आज मिति २०८२/०९/१३ गते यस बैजनाथ गाउँपालिकाका अध्यक्ष श्री प्रकाश बहादुर शाही ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी तपसिलका उपस्थितिमा देहायका निर्णय गरियो ।

तपसिल

| क्र. सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रकाश बहादुर शाही | अध्यक्ष | |
| २ | निर्मला रोकाया | उपाध्यक्ष | |
| ३ | रुप बहादुर मल्ल | वडा अध्यक्ष, वडा नं १ | |
| ४ | राजु रुचाल ठकुरी | वडा अध्यक्ष, वडा नं २ | |
| ५ | निखिल बैगार | वडा अध्यक्ष, वडा नं ३ | |
| ६ | प्रेम बहादुर शाही | वडा अध्यक्ष, वडा नं ४ | |
| ७ | देव बहादुर रावत | वडा अध्यक्ष, वडा नं ५ | |
| ८ | भूपाल पुन मगर | वडा अध्यक्ष, वडा नं ६ | |
| ९ | दिनेश कुमार थारु | वडा अध्यक्ष, वडा नं ७ | |
| १० | भगन थारु | वडा अध्यक्ष, वडा नं ८ | |
| ११ | रुपा थापा | कार्यपालिका सदस्य | |
| १२ | भुमिसरा राना | कार्यपालिका सदस्य | |
| १३ | मन्जु ओली | कार्यपालिका सदस्य | |
| १४ | कृष्णा कुमारी सुनार | कार्यपालिका सदस्य | |
| १५ | फरीदुद्दीन हलवाई | कार्यपालिका सदस्य | |
| १६ | कमान सिंह सुनार | कार्यपालिका सदस्य | |
| १७ | कमल राज ~~चौमाने~~ आचार्य | सदस्य सचिब एबम प्र.प्र.अ. | |
| १८ | तसाराज आचार्य | अधिकृत | |
| १९ | | | |
| २० | | | |

कमल राज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

प्रकाश बहादुर शाही
अध्यक्ष

प्रस्तावहरु:

१. अदालती कामकाजको लागि प्रतिनिधि खटाउने सम्बन्धमा ।
२. खेलकुद विकास समितिको क्रियाकलाप स्वीकृत गर्ने समबन्धमा ।
३. नापजाँच प्रक्रियाको लागि सहमति समबन्धमा ।
४. लगत प्रबिस्ट सम्बन्धि जनशक्ति समबन्धमा ।
५. नगर प्रहरीको भ्यान सम्बन्धमा ।
६. बिबिध ।

निर्णयहरु:

१. प्रस्ताव नं १ माथि छलफल गर्दा डिलाराम जैसीको छोरा जि.सल्यान बामे गा.वि.स.वडा नं. ३ साविक घर भई जि. बाँके बैजनाथ गा.पा. वडा नं. २ स्थायी बसोवास रही हाल रोजगारको क्रममा भारत रहेको वर्ष ५२ को प्रेम प्रसाद जैसीको हकमा निवेदन दायर गर्ने अनुमति प्राप्त निजको पनि जि.बाँके बैजनाथ गा.पा.वडा नं. २ बस्ने वर्ष ४० की कमला जैसीले बैजनाथ गाउँपालिका, गाउँपालिकाका अध्यक्ष श्री प्रकाश बहादुर शाही, उपाध्यक्ष श्री निर्मला रोकाया समेतलाई प्रतिवादी बनाई श्री उच्च अदालत तुलसीपुर नेपालगंज इजलाशमा सम्वत् २०८२ सालको ०८२-FJ-०००४ को रिट निवेदनको लिखित जवाफ, तारेख तथा मुद्धा सम्बन्धि सम्पूर्ण कामकाज गर्नलाई यस कार्यालयका सूचना प्रबिधि अधिकृत श्री अमर सिंह ठाकुरलाई कार्यालयको तर्फबाट अख्तियारी दिने निर्णय गरियो ।

२. आ.ब. २०८२/०८३ को लागि बैजनाथ गाउँपालिकाको स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम अनुसार खेलकुद विकास सम्बन्धि बिबिध खर्च ( उत्कृष्ठ खेलाडीलाई पुरस्कार समेत) शिर्षकमा १५ (पन्ध्र ) लाख बजेट बिनियोजन भएकोमा देहाय अनुसार हुने गरी रकम बिनियोजन गर्ने ।

तपसिल

| क.सं. | शिर्षक विवरण | बिनियोजन रकम | कैफियत |
|---|---|---|---|
| १ | बैठक भत्ता | १,००,०००।- | |
| २. | मार्सल आर्ट तर्फ तेक्वान्दो र कराते प्रतियोगिता संचालन | ५,००,०००।- | |
| ३ | खेलकुद सामग्री खरिद | ५,६०,०००।- | |
| ४ | बिबिध (इन्धन, मर्मत, अथिति सत्कार, संचार, खाजा, खाना आदि) | १,९२,०००।- | |

३. बैजनाथ गाउँपालिका अन्तर्गतका भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीलाई व्यबस्थित गर्ने प्रयोजनको लागि नापजाँच गर्न बाँकि रहेका वडाहरु ( वडा नं १, २, ३, ५ र ८) मा नापजाँच प्रक्रिया थालनीको लागि भूमि समस्या समाधान आयोग, जिल्ला समिति, बाँकेलाई अनुमति प्रदान गरी सूचना प्रकाशनको लागि अनुरोध गर्ने ।

४. भूमि सम्बन्धि समस्या समाधान आयोगले छुट भएका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यबस्थित बसोबासीहरुको पुनः लगत संकलनको लागि प्रकाशन गरेको सूचना अनुसार संकलित लगत फारम सफ्टवेयर प्रणालीमा प्रबिस्ट गर्न आवश्यक जनशक्ति यस अघि प्रबिस्टकर्ताको रुपमा कार्य गरेका जनशक्तिहरु रेशम चौधरी र सरिता शर्मालाई कामकाजमा लगाउने ।

५. बैजनाथ गाउँपालिकाको नाममा दर्ता कायम रहेको भे १ झ २९७ नं को गाडीलाई आवश्यक मर्मत सुधार गरी यस बैजनाथ गाउँपालिकाका नगर प्रहरीलाई प्रयोग गर्न दिने ।

६. मिति २०८२/०६/२६ गतेको कार्यपालिकाको निर्णयानुसार भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यबस्थित बसोबासी सेवा केन्द्रले गर्दै आएको कामलाई निरन्तरता दिने निर्णय भएकोमा सोहि निर्णयानुसार कामकाजमा खटाइएका भूमि समस्या समाधान आयोगका यस बैजनाथ गाउँपालिका अन्तर्गत रही कामकाज गर्ने कर्मचारीहरु (सर्भेक्षक मोहन नेपाल, राजु न्यौपाने र शारदा मल्ल तथा अमिन मेघराज थापा र समिक्षा सारु मगर) लाई मिति २०८२/०७/१६ देखि २०८२/०९/०९ सम्मको पारिश्रमिक भूमिहीन सुकुम्बासी, भूमिहीन दलित तथा अव्यबस्थित बसोबासी सेवा केन्द्र संचालन तथा ब्यबस्थापन (कर्मचारी ब्यबस्थापन समेत) शिर्षकबाट भुक्तानी गर्न प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रसाशन शाखा प्रमुख लाई निर्देशन दिने ।

कमल राज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

प्रकाश बहादुर शाही
अध्यक्ष